# सहकारी सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०८१

<u>प्रमाणीकरण मितिः</u>

२०८१।१२।१८

## संवत् २०८१ सालको ऐन नं. १७

## <u>सहकारी सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन</u>

**<u>प्रस्तावनाः</u>** सहकारी सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसद्ले यो ऐन बनाएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस ऐनको नाम "सहकारी सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०८१" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>सहकारी ऐन, २०७४ मा संशोधनः</u>** सहकारी ऐन, २०७४ को,-

(१) दफा २ को खण्ड (ङ) पछि देहायको खण्ड (ङ१) थपिएको छः-

"(ङ१) "प्राधिकरण" भन्नाले दफा १०३क. बमोजिम स्थापना भएको राष्ट्रिय सहकारी नियमन प्राधिकरण सम्झनु पर्छ।"

(२) दफा १५ को उपदफा (७) पछि देहायको उपदफा (८) थपिएको छः-

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

"(८) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो उपदफा प्रारम्भ भएपछि बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको दर्ता प्राधिकरणले निर्धारण गरेको मापदण्ड बमोजिम स्थानीय तहमा मात्र हुनेछ।"

(३) दफा २० पछि देहायको दफा २०क. थपिएको छः-

"२०क. <u>**बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको वर्गीकरणः**</u> (१) बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थालाई प्राधिकरणले तोकेको आधारमा सङ्घ, प्रदेश र स्थानीय गरी तीन तहमा वर्गीकरण गर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको वर्गीकरण गर्ने प्रयोजनको लागि यो दफा प्रारम्भ भएको मितिले एक वर्षभित्र प्राधिकरण वा प्राधिकरणले तोकेको निकायमा दर्ता हुनु पर्नेछ।"

(४) दफा ३२ को उपदफा (१) को सट्टा देहायको

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

उपदफा (१) राखिएको छः-

"(१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि एक व्यक्ति एकै प्रकृतिका एकभन्दा बढी सहकारी संस्थामा सदस्य हुन सक्ने छैन।

तर यो उपदफा प्रारम्भ हुँदाका बखत एकै प्रकृतिको एकभन्दा बढी सहकारी संस्थाको सदस्य भएको व्यक्तिले यो उपदफा प्रारम्भ भएको मितिले एक वर्षभित्र कुनै एक संस्थाको मात्र सदस्यता कायम राख्नु पर्नेछ।"

(५) दफा ४१ को उपदफा (३) पछि देहायको उपदफा (३क) थपिएको छः-

"(३क) कुनै पनि व्यक्ति कुनै एक तहको सहकारी संस्थाको सञ्चालक समितिको अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष, लेखा समितिको संयोजक पदमा दुई कार्यकालभन्दा बढी अवधिको लागि निर्वाचित हुन सक्ने छैन।"

(६) दफा ५२ को सट्टा देहायको दफा ५२ राखिएको छः-

"५२. **<u>व्यक्तिगत बचत तथा ऋणको सीमाः</u>** (१) सहकारी संस्थामा सदस्यको व्यक्तिगत बचतको सीमा सम्बन्धित सहकारी संस्थाको प्राथमिक पुँजीकोषको

दश प्रतिशतसम्म हुन सक्नेछ।

(२) सहकारी संस्थाको सदस्यलाई प्राथमिक पुँजीकोषको पन्ध्र प्रतिशत भन्दा बढी रकम ऋण प्रवाह गर्न सकिने छैन।

(३) उपदफा (१) बमोजिमको व्यक्तिको बचतको सीमा प्राधिकरणले मापदण्ड बनाई आवश्यकता अनुसार हेरफेर गर्न सक्नेछ।"

(७) दफा ५२ पछि देहायको दफा ५२क. थपिएको छः-

"**५२क.** **स्रोत खुलाउनु पर्नेः** (१) सदस्यले सहकारी संस्थामा दश लाख रुपैयाँभन्दा बढी बचत रकम जम्मा गर्दा अनिवार्य रूपमा त्यस्तो रकमको स्रोत खुलाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सदस्यले स्रोत नखुलाएको बचत रकम सहकारी संस्थाले स्वीकार गर्ने छैन।"

(८) दफा ७१ को उपदफा (२) को प्रतिबन्धात्मक वाक्यांशमा रहेका "शेयर पुँजीको अठार प्रतिशतभन्दा बढी" भन्ने शब्दहरूको सट्टा "शेयर पुँजीको पन्ध्र प्रतिशतभन्दा बढी" भन्ने शब्दहरू

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

राखिएका छन्।

(९) दफा ८१ को सट्टा देहायको दफा ८१ राखिएको छः-

"**८१. <u>कर्जा सूचना केन्द्रः</u>** (१) बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाले प्रचलित कानून बमोजिम स्थापना भएको कर्जा सूचना केन्द्रको सदस्यता प्राप्त गरी ऋण कारोबारको सूचना आदान प्रदान गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको कर्जा सूचना केन्द्रले सहकारी संस्थाको हकमा समेत देहाय बमोजिम कर्जा सूचना सम्बन्धी कार्य गर्नेछः-

(क) सदस्य सहकारी संस्थाको कर्जा प्रवाहमा वस्तुगत उद्देश्य र उपयुक्तता कायम गर्न त्यस्तो सहकारी संस्थाले प्रवाह गरेको ऋणको सूचना प्राप्त गर्ने,

(ख) खण्ड (क) बमोजिम प्राप्त सूचनालाई सोही खण्डमा

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

उल्लिखित प्रयोजनका निमित्त सदस्य सहकारी संस्थाहरूको बीचमा आदान प्रदान गर्ने,

(ग) खण्ड (ख) बमोजिम प्राप्त सूचनाका आधारमा कालो सूचीमा राख्नु पर्ने भए सो सम्बन्धमा आवश्यक कारबाही गर्ने।

(३) सदस्य सहकारी संस्थाले दश लाख रुपैयाँभन्दा बढी ऋण कारोबारको सूचना कर्जा सूचना केन्द्रलाई उपलब्ध गराउनु पर्नेछ।

(४) सदस्य सहकारी संस्थाले समयमा ऋण नतिर्ने ऋणीको नाम प्रत्येक तीन महिनामा अनिवार्य रुपमा कर्जा सूचना केन्द्रलाई उपलब्ध गराउनु पर्नेछ।"

(१०) दफा १०१ को सट्टा देहायको दफा १०१ राखिएको छः-

"१०१. **निक्षेप तथा कर्जा सुरक्षण कोषको सदस्यता लिनु पर्नेः** यस ऐन बमोजिम बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाले प्रचलित कानून

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

बमोजिम स्थापना भएको निक्षेप तथा कर्जा सुरक्षण कोषको सुरक्षित सदस्य संस्थाको रुपमा सदस्यता लिनु पर्नेछ।"

(११) परिच्छेद-१७ पछि देहायको परिच्छेद-१७क. थपिएको छः-

"**परिच्छेद-१७क.**

**राष्ट्रिय सहकारी नियमन प्राधिकरण**

**१०३क. प्राधिकरणको स्थापनाः** (१) सङ्घ, प्रदेश र स्थानीय तहको कार्यक्षेत्रभित्रका बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको नियमन गर्न एक राष्ट्रिय सहकारी नियमन प्राधिकरणको स्थापना गरिएको छ।

(२) प्राधिकरणको केन्द्रीय कार्यालय काठमाडौं उपत्यकामा रहनेछ।

(३) प्राधिकरणले नेपाल सरकारसँग सम्पर्क गर्दा मन्त्रालय मार्फत गर्नु पर्नेछ।

(४) प्राधिकरणको काम कारबाहीको सम्बन्धमा नेपाल सरकारले आवश्यक निर्देशन दिन

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

सक्नेछ।

(५) प्राधिकरणले आफ्नो वार्षिक प्रतिवेदन नेपाल सरकार समक्ष पेस गर्नेछ।

(६) उपदफा (५) बमोजिमको प्रतिवेदन नेपाल सरकारले सङ्घीय संसद्को सम्बन्धित समितिमा पेस गर्नेछ।

**१०३ख. <u>प्राधिकरण स्वशासित र सङ्गठित संस्था हुनेः</u>** (१) प्राधिकरण अविच्छिन्न उत्तराधिकारवाला एक स्वायत्त, स्वशासित र सङ्गठित संस्था हुनेछ र यसले कानूनी व्यक्तित्व प्राप्त गर्नेछ।

(२) प्राधिकरणले कानूनी व्यक्तिको हैसियतले प्रचलित कानून बमोजिमको अधिकारको प्रयोग, कर्तव्यको पालना र दायित्व निर्वाह गर्नेछ।

**१०३ग. <u>प्राधिकरणको गठनः</u>** (१) प्राधिकरणको गठन देहाय बमोजिम हुनेछः-

(क) अर्थशास्त्र, वाणिज्य, व्यवस्थापन, लेखा, कानून वा सहकारी विषयमा कम्तीमा स्नातकोत्तर तहको शैक्षिक उपाधि हासिल

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

गरी नेपाल सरकारको राजपत्राङ्कित विशिष्ट श्रेणी वा सो सरहको पदमा कार्य गरेको वा अन्तर्राष्ट्रिय वा राष्ट्रियस्तरका बैङ्क वा वित्तीय संस्था वा सहकारी संस्थामा रही कम्तीमा पन्ध्र वर्ष कार्य अनुभव भएको व्यक्तिमध्ये नेपाल सरकारले नियुक्त गरेको एकजना व्यक्ति -अध्यक्ष

(ख) नेपाल राष्ट्र बैङ्कको कार्यकारी निर्देशक - सदस्य

(ग) मन्त्रालयको सहकारी क्षेत्र हेर्ने सहसचिव - सदस्य

(घ) अर्थशास्त्र, वाणिज्य, व्यवस्थापन, लेखा, कानून वा सहकारी विषयमा कम्तीमा स्नातकोत्तर तहको शैक्षिक उपाधि हासिल गरी अन्तर्राष्ट्रिय वा राष्ट्रियस्तरका बैङ्क वा वित्तीय संस्था वा सहकारी संस्थामा रही कम्तीमा दश वर्ष कार्य अनुभव भएको नेपाल सरकारले नियुक्त गरेको एकजना विज्ञ - सदस्य

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(ङ) कम्तीमा दश वर्ष कार्य अनुभव भएको चार्टर्ड एकाउन्टेन्टहरू मध्ये नेपाल सरकारले नियुक्त गरेको एकजना चार्टर्ड एकाउन्टेन्ट - सदस्य

(२) प्राधिकरणको वरिष्ठ कर्मचारीले प्राधिकरणको सचिव भई काम गर्नेछ।

(३) प्राधिकरणको अध्यक्ष पद कुनै कारणले रिक्त भएमा नेपाल सरकारको राजपत्राङ्कित विशिष्ट श्रेणीको अधिकृतलाई अध्यक्षको पदमा काम गर्न नेपाल सरकारले तोक्नेछ।

**१०३घ.** <u>**अयोग्यताः**</u> देहायको व्यक्ति अध्यक्ष वा सदस्य पदमा नियुक्ति हुन वा बहाल रहनको लागि योग्य हुने छैनः-

(क) गैर नेपाली नागरिक,

(ख) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागु औषध बिक्री वितरण तथा ओसारपसार, बैङ्क

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

तथा वित्तीय संस्था वा सहकारीको रकम हिनामिना, ठगी, सम्पत्ति शुद्धीकरण, अवैध रुपमा वन्यजन्तुको ओसारपसार, सङ्गठित अपराध, राहदानी दुरुपयोग, अपहरण सम्बन्धी कसूर वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा अदालतबाट सजाय पाएको,

(ग) कुनै विदेशी मुलुकको स्थायी आवासीय अनुमति प्राप्त गरेको वा त्यस्तो अनुमति प्राप्त गर्नका लागि आवेदन दिएको,

**<u>स्पष्टीकरणः</u>** यस खण्डको प्रयोजनको लागि "स्थायी आवासीय

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

अनुमति" भन्नाले विदेशी मुलुकले कुनै शर्त तोकी वा नतोकी सो मुलुकमा स्थायी रुपले बसोबास गर्न पाउने गरी नेपाली नागरिकलाई उपलब्ध गराएको डाइभरसिटी इमिग्रेन्ट भिसा (डि.भि.), परमानेन्ट रेजिडेन्ट भिसा (पि.आर.) वा ग्रीन कार्ड सम्झनु पर्छ र सो शब्दले नेपाली नागरिकलाई विदेशमा स्थायी रुपमा बसोबास गर्न दिइएको जुनसुकै नामको स्थायी आवासीय अनुमतिलाई समेत जनाउँछ।

(घ) बैङ्क तथा वित्तीय संस्था वा सहकारी संस्थाको ऋण नतिरेको कारण

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

प्रचलित कानून बमोजिम कालोसूचीमा परेको।

१०३ङ. **<u>प्राधिकरणको अध्यक्ष र विज्ञ सदस्यको नियुक्तिः</u>** (१) प्राधिकरणको अध्यक्ष तथा सदस्यको नियुक्तिका लागि उपयुक्त व्यक्ति छनोट गरी नेपाल सरकारलाई सिफारिस गर्न देहाय बमोजिमको सिफारिस समिति गठन हुनेछः-

(क) लोकसेवा आयोगको अध्यक्ष वा निजले तोकेको सो आयोगको सदस्य - संयोजक

(ख) नेपाल सरकारको पूर्व अर्थ सचिवहरूमध्येबाट मन्त्रालयले तोकेको एकजना - सदस्य

(ग) आर्थिक तथा वित्तीय, कानून वा सहकारी क्षेत्रमा कम्तीमा पन्ध्र वर्ष कार्य अनुभव भएको व्यक्तिहरु मध्येबाट मन्त्रालयले तोकेको विज्ञ एकजना - सदस्य

(२) उपदफा (१) बमोजिमको

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

सिफारिस समितिले पन्ध्र दिनको समय दिई कुनै राष्ट्रियस्तरको दैनिक पत्रिकामा सूचना प्रकाशन गरी देहायको योग्यता भएका नेपाली नागरिकबाट दरखास्त आह्वान गर्नेछः-

(क) दफा १०३ग. बमोजिमको योग्यता पुगेको,

(ख) दफा १०३घ. बमोजिम अयोग्यता नरहेको,

(ग) साठी वर्ष उमेर पूरा नभएको।

(३) उपदफा (२) बमोजिमको सूचनामा उल्लिखित अवधिभित्र योग्यता पुगेका इच्छुक व्यक्तिले देहायका कागजात सहित सिफारिस समिति समक्ष दरखास्त दिनु पर्नेछः-

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(ख) न्यूनतम शैक्षिक योग्यता तथा अनुभव खुल्ने कागजातको

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

प्रतिलिपि,

(ग) स्वघोषणा।

(४) उपदफा (३) बमोजिम दरखास्त दिने व्यक्तिले त्यस्तो दरखास्तसाथ पाँच हजार शब्दमा नबढाई तयार गरेको सहकारी सङ्घ संस्था नियमन सम्बन्धी व्यावसायिक कार्ययोजना समेत छुट्टै खाममा सिलबन्दी गरी पेस गर्नु पर्नेछ।

(५) उपदफा (१) बमोजिमको सिफारिस समितिले अध्यक्ष र सदस्य पदमा नियुक्तिको लागि सो समितिले बनाएको मापदण्ड बमोजिम नेपाल सरकार समक्ष उपलब्ध भएसम्म प्रत्येक पदको लागि बढीमा तीनजनाको नाम सिफारिस गर्नेछ।

(६) उपदफा (५) बमोजिम सिफारिस भएका व्यक्ति मध्येबाट नेपाल सरकारले अध्यक्ष र सदस्य पदमा नियुक्त गर्नेछ।

(७) अध्यक्ष र सदस्यको पदावधि चार वर्षको हुनेछ र निजको पुनः एकपटकको लागि नियुक्ति हुन

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

सक्नेछ।

(८) उपदफा (७) मा जुनसुकै कुरा लेखिएको भए तापनि अध्यक्ष र सदस्यले पदीय दायित्व जिम्मेवारीपूर्वक पूरा नगरेमा नेपाल सरकारले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ।

तर त्यसरी पदबाट हटाउनु अघि निजलाई सफाइ पेस गर्ने उचित मौका दिनु पर्नेछ।

१०३च. **<u>प्राधिकरणको अध्यक्ष र सदस्यको पद रिक्त हुनेः</u>** देहायको कुनै अवस्थामा प्राधिकरणको अध्यक्ष वा सदस्यको पद रिक्त भएको मानिनेछः-

(क) निजले नेपाल सरकार समक्ष आफ्नो पदबाट दिएको राजीनामा स्वीकृत भएमा,

(ख) निजमा दफा १०३ग. को उपदफा (१) को खण्ड (क), (घ) वा (ङ) बमोजिमको योग्यता नभएमा वा नरहेमा वा

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

दफा १०३घ. बमोजिमको अयोग्यता भएमा वा रहेमा,

(ग) दफा १०३ङ. को उपदफा (७) बमोजिम निजको पदावधि समाप्त भएमा,

(घ) दफा १०३ङ. को उपदफा (८) बमोजिम निजलाई नेपाल सरकारले पदबाट हटाएमा,

(ङ) निजको मृत्यु भएमा।

**१०३छ.** **<u>प्राधिकरणको बैठकः</u>** (१) प्राधिकरणको बैठक महिनामा कम्तीमा एकपटक बस्नेछ।

(२) प्राधिकरणको बैठक अध्यक्षले र अध्यक्षको पद रिक्त भएको अवस्थामा वरिष्ठ सदस्यले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

**<u>स्पष्टीकरणः</u>** यस दफाको प्रयोजनको लागि "वरिष्ठ सदस्य" भन्नाले नियुक्तिको क्रममा अगाडि रहेको सदस्य सम्झनु पर्छ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(३) प्राधिकरणको बैठक बस्नुभन्दा कम्तीमा चौबीस घण्टा अगावै बैठकमा छलफल हुने विषयसहितको सूची सचिवले सबै सदस्यलाई उपलब्ध गराउनु पर्नेछ।

(४) प्राधिकरणको बैठकको अध्यक्षता अध्यक्षले र निजको अनुपस्थितिमा उपस्थितमध्ये वरिष्ठ सदस्यले गर्नेछ।

(५) प्राधिकरणको बैठकमा तीनजना सदस्य उपस्थित भएमा प्राधिकरणको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(६) प्राधिकरणको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(७) प्राधिकरणले बैठकमा आवश्यकता अनुसार सम्बन्धित विषयको विज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

(८) प्राधिकरणको निर्णय अभिलेख गर्ने प्रयोजनका लागि छुट्टै

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

पुस्तिकाको व्यवस्था गरी प्रत्येक निर्णय त्यस्तो पुस्तिकामा अभिलेख गरिनेछ र त्यस्तो पुस्तिकामा बैठकमा उपस्थित सम्पूर्ण सदस्यले दस्तखत गर्नु पर्नेछ।

(९) प्राधिकरणको बैठक सम्बन्धी अन्य कार्यविधि प्राधिकरण आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

**१०३ज.** **<u>प्राधिकरणको काम, कर्तव्य र अधिकारः</u>** (१) प्राधिकरणको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछः-

(क) बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको दर्ता, नियमन, अनुगमन, सुपरीवेक्षण तथा प्रतिवेदन प्रणाली लगायतका विषयमा राष्ट्रिय मापदण्ड बनाई कार्यान्वयन गर्ने गराउने,

(ख) बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

सञ्चालन सम्बन्धमा नियामकीय मापदण्ड (प्रुडेन्सियल स्टयाण्डर्डस्) जारी गर्ने,

(ग) बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको नियमन, अनुगमन र सुपरीवेक्षण गर्ने, गराउने,

(घ) प्राधिकरणले आफूलाई प्राप्त केही अधिकार रजिष्ट्रार, प्रदेश रजिष्ट्रार र स्थानीय तहको सहकारी हेर्ने अधिकृत मार्फत कार्यान्वयन गर्न गराउन सक्ने,

(ङ) बचतकर्ताको बचत सुरक्षाको सुनिश्चित गर्न आवश्यक कार्य गर्ने, बचत तथा ऋणको मुख्य कारोबार गर्ने



कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

सहकारी संस्थाको नियमित रूपमा निरीक्षण गर्ने, उजुरी लिने, प्राप्त उजुरी उपर जाँचबुझ गर्ने र सम्बन्धित संस्थालाई निर्देशन दिने,

(च) नियमन तथा सुपरीवेक्षणका लागि नेपाल चार्टर्ड एकाउन्टेन्ट संस्थाको समन्वयमा रोष्टर तयार गरी बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाहरूको नियामकीय परीक्षण (प्रुडेन्सियल अडिट) गर्ने गराउने,

(छ) सहकारीको व्यवस्थापन सूचना प्रतिवेदन प्रणालीलाई सङ्घ, प्रदेश र स्थानीय

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

तहमा लागू गर्ने गराउने,

(ज) बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको निरीक्षण गर्न आवश्यकता अनुसार निरीक्षण अधिकारी तोक्ने,

(झ) प्रदेश र स्थानीय तहका बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाहरूको प्रदेश र स्थानीय तहसँग समन्वय गरी संयुक्त रूपमा नियमन, अनुगमन तथा सुपरीवेक्षण गर्ने गराउने,

(ञ) नियमन सम्बन्धमा तोकिए बमोजिमका अन्य कार्य गर्ने।

(२) प्राधिकरण समक्ष परेको

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

बचत रकम हिनामिना लगायतका उजूरीको कारबाही र किनारा गर्दा प्राधिकरणलाई प्रचलित कानून बमोजिम जिल्ला अदालतलाई भए सरहको देहाय बमोजिमको कार्य गर्ने अधिकार हुनेछः-

(क) कुनै व्यक्तिलाई प्राधिकरण समक्ष उपस्थित गराई बयान गराउने वा जानकारी लिने,

(ख) साक्षी बुझ्ने,

(ग) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको कुनै निकाय वा सार्वजनिक संस्थामा रहेको कुनै लिखत कागजात पेस गर्न आदेश दिने,

(घ) स्थलगत निरीक्षण गर्ने, गराउने तथा दसी प्रमाण पेस गर्न आदेश दिने।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(३) प्राधिकरणले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिमको कुनै विषय पालना नगर्ने नगराउने बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थालाई पाँच लाख रूपैयाँदेखि पन्ध्र लाख रूपैयाँसम्म जरिबाना गर्न सक्नेछ र त्यस्तो सहकारी संस्थाको दर्ता खारेज गर्न सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ।

(४) प्राधिकरणले कुनै बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको सञ्चालक, पदाधिकारी, व्यवस्थापक वा कर्मचारीले यस ऐन वा ऐन अन्तर्गत बनेको नियम उल्लङ्घन गरेमा एक लाख रूपैयाँदेखि पाँच लाख रूपैयाँसम्म जरिबाना गर्न सक्नेछ र त्यस्तो सञ्चालक, पदाधिकारी, व्यवस्थापक वा कर्मचारीलाई प्रचलित कानून बमोजिम कारबाहीका लागि लेखी पठाउन सक्नेछ।

(५) उपदफा (३) वा (४)

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

बमोजिम प्राधिकरणले गरेको निर्णयमा चित्त नबुझ्ने व्यक्तिले त्यस्तो निर्णय भएको मितिले पैंतीस दिनभित्र सम्बन्धित उच्च अदालतमा पुनरावेदन गर्न सक्नेछ।

(६) प्राधिकरणले यस ऐन बमोजिम बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको नियमन सम्बन्धी काम गर्दा दफा २३क. बमोजिम नेपाल राष्ट्र बैङ्कले जारी गरेको निर्देशन तथा मापदण्डलाई समेत पालन गर्नु पर्नेछ।

(७) प्राधिकरणले तेस्रो पक्षको जेथा जमानत सम्बन्धमा आवश्यक शर्तहरु तोक्न सक्नेछ।

(८) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्राधिकरणले बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको नियमन, अनुगमन र सुपरीवेक्षण गर्न कुनै बाधा पर्ने छैन र त्यसरी नियमन, अनुगमन र सुपरीवेक्षण गर्दा सम्बन्धित तहसँग समन्वय गरी गर्नु पर्नेछ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

**१०३झ. <u>प्राधिकरणको अध्यक्षको काम, कर्तव्य र अधिकारः</u>** प्राधिकरणको अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्राधिकरणको बैठकको अध्यक्षता गर्ने,

(ख) प्राधिकरणको प्रशासकीय प्रमुखको रूपमा कार्य गर्ने,

(ग) प्राधिकरणको समग्र काम कारबाहीको अनुगमन, सुपरीवेक्षण तथा मूल्याङ्कन गरी सम्बन्धित पक्षलाई आवश्यक निर्देशन दिने,

(घ) तोकिए बमोजिमको अन्य कार्य गर्ने।

**१०३ञ. <u>प्राधिकरणको सदस्यको कार्य विभाजनः</u>** प्राधिकरणको सदस्यको कार्य विभाजन प्राधिकरणले निर्धारण गरे बमोजिम हुनेछ।

**१०३ट. <u>प्राधिकरणको अध्यक्ष तथा विज्ञ सदस्यको सेवा, शर्त तथा सुविधाः</u>** (१)

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

प्राधिकरणको अध्यक्ष र विज्ञ सदस्य प्राधिकरणको पूरा समय काम गर्ने पदाधिकारी हुनेछ।

(२) प्राधिकरणको अध्यक्ष र सदस्यको पारिश्रमिक, सुविधा र सेवाका शर्त नेपाल सरकार, मन्त्रिपरिषद्ले तोके बमोजिम हुनेछन्।

**१०३ठ.** **<u>शपथ लिनु पर्नेः</u>** आफ्नो कार्यभार सम्हाल्नुअघि प्राधिकरणको अध्यक्ष र सदस्यले विभागीय मन्त्री समक्ष शपथ सम्बन्धी प्रचलित कानून बमोजिमको ढाँचामा पद तथा गोपनीयताको शपथ लिनु पर्नेछ।

**१०३ड.** **<u>प्राधिकरणको कोषः</u>** (१) प्राधिकरणको एउटा छुट्टै कोष रहनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकम रहनेछन्:-

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) कुनै विदेशी सरकार वा अन्तर्राष्ट्रिय सङ्घ संस्थाबाट प्राप्त रकम,

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(ग) अन्य स्रोतबाट प्राप्त रकम।

(३) उपदफा (२) को खण्ड (ख) मा उल्लिखित रकम प्राप्त गर्नु अघि नेपाल सरकारको अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ।

(४) प्राधिकरणको कोषको रकम बैङ्क तथा वित्तीय संस्था सम्बन्धी प्रचलित कानून बमोजिम इजाजत पत्र प्राप्त "क" वर्गको कुनै वाणिज्य बैङ्कमा खाता खोली जम्मा गरिनेछ।

(५) प्राधिकरणको कोष र खाताको सञ्चालन तोकिए बमोजिम हुनेछ।

१०३ढ. **<u>प्राधिकरणको कोषको लेखापरीक्षणः</u>** (१) प्राधिकरणको आय व्ययको लेखा नेपाल सरकारले अपनाएको लेखा प्रणाली बमोजिम राख्नु पर्नेछ।

(२) प्राधिकरणको आय व्ययको लेखाको अन्तिम लेखापरीक्षण महालेखापरीक्षकबाट हुनेछ।

१०३ण. **<u>नियमनकारी अवसर (रेगुलेटरी अपरच्यूनिटी) को दुरूपयोग गर्न नहुनेः</u>**

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(१) प्राधिकरणका अध्यक्ष तथा सदस्य, प्राधिकरणका कर्मचारी, सहकारी संस्थाको लेखा परीक्षण गर्ने लेखा परीक्षक वा प्राधिकरणसँग करार गरी काम गर्ने व्यक्ति, फर्म वा कम्पनीका कुनै पनि व्यक्तिले आफ्नो पदीय हैसियतमा वा प्राधिकरणको तर्फबाट कार्य सम्पादन गर्दा निजको जानकारीमा आएको कुनै गोप्य सूचना कानून बमोजिम उपलब्ध गराउनु पर्ने अवस्थामा बाहेक अन्य कुनै व्यक्ति वा संस्थालाई उपलब्ध गराउन हुँदैन।

(२) उपदफा (१) बमोजिमका पदाधिकारीले पदीय हैसियतमा कार्य सम्पादन गर्दा निजको जानकारीमा आएको कुनै गोप्य सूचना निज वा निजको परिवारको कुनै सदस्यको लाभ, सुविधा, सहुलियत वा फाइदाको लागि प्रयोग गर्न वा गराउन हुँदैन।

(३) प्राधिकरणका अध्यक्ष, सदस्य, प्राधिकरणका कर्मचारी, प्राधिकरणले सूचीकृत गरेका लेखा परीक्षक वा प्राधिकरणसँग करार गरी

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

काम गर्ने व्यक्ति, फर्म वा कम्पनीका कुनै पनि व्यक्तिले आफ्नो पदीय हैसियतमा वा प्राधिकरणको तर्फबाट कुनै काम गर्दा आफू, आफ्नो परिवार वा अरू कसैलाई कुनै किसिमको लाभ, सुविधा, सहुलियत वा फाइदा लिन दिन हुँदैन।

(४) कसैले यस दफाको प्रतिकूल हुने गरी कुनै काम गरेमा निजले पदीय दायित्व अनुरूप काम नगरेको मानी प्रचलित कानून बमोजिम कारबाही हुनेछ।

**१०३त.** **<u>पेशागत आचरण पालना गर्नु पर्ने:</u>** प्राधिकरणका अध्यक्ष, सदस्य र कर्मचारीले आफ्नो पदमा बहाल रहँदाका बखत र पदमा नरहे तापनि तोकिए बमोजिमको पेशागत आचरण पालना गर्नु पर्नेछ।

**१०३थ.** **<u>कर्मचारी सम्बन्धी व्यवस्था:</u>** (१) प्राधिकरणको कार्य सञ्चालनको लागि नेपाल सरकारले स्वीकृत गरेको सङ्ख्यामा प्राधिकरणमा कर्मचारीहरू रहनेछन्।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(२) प्राधिकरणका कर्मचारीको नियुक्ति, पारिश्रमिक, सेवाका शर्त र सुविधा तोकिए बमोजिम हुनेछ।

(३) उपदफा (१) बमोजिम प्राधिकरणको आफ्नै कर्मचारी नभए सम्म प्राधिकरणलाई आवश्यक पर्ने कर्मचारी नेपाल सरकारको कुनै निकाय वा कार्यालय वा नेपाल राष्ट्र बैङ्क वा नेपाल सरकारको अधिकांश स्वामित्व भएको बैङ्क वा वित्तीय संस्थामा कार्यरत कर्मचारीलाई प्राधिकरणबाटै तलब भत्ता खाने गरी मन्त्रालयको समन्वयमा सम्बन्धित निकायले काजमा खटाउन सक्नेछ।

(४) प्राधिकरणले आफ्नो कार्य सम्पादन गर्नको लागि आवश्यकता अनुसार विशेषज्ञ, प्राविधिक तथा सहायकस्तरका कर्मचारी करारमा नियुक्त गर्न सक्नेछ।

(५) प्राधिकरणले नेपाल सरकारलाई आर्थिक दायित्व थप हुने कुनै कार्य गर्नु अघि नेपाल सरकारको अर्थ मन्त्रालयको स्वीकृति लिनु

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

पर्नेछ।"

(१२) दफा १०४ को,-

(१) उपदफा (१) को खण्ड (च) मा रहेको "पच्चिस जना" भन्ने शब्दहरूको सट्टा "दश प्रतिशत" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छः-

"(१क) प्राधिकरणमा परेको उजुरीको आधारमा छानबिन गर्दा वा निरीक्षणको क्रममा बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थामा उपदफा (१) मा उल्लिखित अवस्था विद्यमान रहेको देखिएमा त्यस्तो संस्थालाई समस्याग्रस्त संस्थाको रुपमा घोषणा गर्नका लागि प्राधिकरणले मन्त्रालय समक्ष सिफारिस गर्नेछ।"

(३) उपदफा (२) मा रहेका "उपदफा (१) बमोजिमको" भन्ने शब्दहरूको सट्टा "उपदफा (१) वा (१क) बमोजिमको" भन्ने शब्दहरू राखिएका छन्।

(१३) दफा १०६ को खण्ड (ङ) मा रहेका "सङ्घको तर्फबाट" भन्ने शब्दहरू पछि "मुद्दा वा कानूनी कारबाही र" भन्ने शब्दहरू थपिएका छन्।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(१४) दफा १०६ पछि देहायको दफा १०६क. थपिएको छः-

"**१०६क.** **<u>विज्ञ टोली गठन गर्न सक्नेः</u>** (१) समस्याग्रस्त सहकारी संस्थाको दफा १०६ बमोजिमको सम्पत्ति तथा दायित्व व्यवस्थापन गर्ने प्रयोजनका लागि आवश्यक सेवा लिन व्यवस्थापन समितिले विज्ञ टोली गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको विज्ञ टोलीको गठन कार्याविधि तथा त्यस्तो विज्ञ टोलीको काम, कर्तव्य र अधिकार टोली गठन गर्दाकै बखत व्यवस्थापन समितिले तोके बमोजिम हुनेछ।

(३) उपदफा (१) र (२) बमोजिम विज्ञ टोली गठन गर्दा प्रत्येक समस्याग्रस्त सहकारी संस्थाका लागि छुट्टा छुट्टै गठन गर्नु पर्नेछ।"

(१५) दफा १०८ पछि देहायको दफा १०८क. थपिएको छः-

"**१०८क.** **<u>बचत रकम फिर्ता सम्बन्धी विशेष</u>**

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

**<u>व्यवस्था</u>**: (१) प्रचलित कानूनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सहकारी संस्था वा दफा १०४ बमोजिम समस्याग्रस्त घोषणा भएको सहकारी संस्थाको सदस्यले जम्मा गरेको पाँच लाख रुपैयाँ सम्मको बचत पहिलो प्राथमिकतामा राखी भुक्तानी गर्नु पर्नेछ।

(२) सदस्यले जम्मा गरेको पाँच लाख रुपैयाँभन्दा बढी बचतको हकमा सम्बन्धित संस्थाले एकै पटक भुक्तानी गर्ने अवस्था नभएमा मापदण्ड बनाई सदस्यको बचत रकम आनुपातिक रुपमा भुक्तानी गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

(३) यस दफा बमोजिम बचत रकम फिर्ता गर्ने प्रयोजनको लागि सहकारी संस्था वा दफा १०५ बमोजिमको व्यवस्थापन समितिले त्यस्तो संस्थाको सम्पत्ति वा ऋण प्रदान गर्दा लिएको धितो सुरक्षण बिक्री गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिम

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

ऋण प्रदान गर्दा लिएको धितो सुरक्षण बिक्री गर्नु अघि सम्बन्धित ऋणीलाई सहकारी संस्थाको ऋण चुक्ता गर्न समय दिई सो अवधिभित्र ऋण चुक्ता नगरेमा त्यस्तो धितो सुरक्षण लिलाम बढाबढ गरी बिक्री गर्नु पर्नेछ। त्यस्तो धितो सुरक्षण बिक्री गर्दा ऋणीले तिर्नु पर्ने रकम भन्दा बढी रकम प्राप्त हुन आएमा ऋणीको रकम चुक्ता भई बाँकी रहेको रकम त्यस्तो ऋणीलाई फिर्ता दिनु पर्नेछ।

(५) सहकारी संस्थाले घर, जग्गा वा अन्य मेशिनरी औजार वा उपकरण लिज वा भाडामा उपलब्ध गराए बापत प्राप्त हुने रकम असुल गरी त्यस्तो रकम बचतकर्ता सदस्यको बचत रकम फिर्ता गर्ने प्रयोजनका लागि प्रयोग गर्न सकिनेछ।

(६) यस ऐन बमोजिम मुद्दा दायर भएको वा अन्य कुनै कारणले अदालत वा अन्य कुनै निकायमा

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

सहकारी संस्थाको सम्पत्ति वा धितो सुरक्षण रोक्का भएको कारण त्यस्तो सम्पत्ति बिक्री गरी बचतकर्ता सदस्यको बचत रकम फिर्ता गर्न नसकिएको र त्यस्तो सम्पत्ति वा धितो सुरक्षण बिक्री गरी बचतकर्ता सदस्यको बचत रकम फिर्ता हुने सुनिश्चित देखिएमा सहकारी संस्था वा दफा १०५ बमोजिमको व्यवस्थापन समितिले सम्बन्धित अदालत वा निकाय समक्ष रोक्का फुकुवाको लागि अनुरोध गर्न सक्नेछ।

(७) उपदफा (६) बमोजिम अनुरोध भई आएमा सम्बन्धित अदालत वा निकायले अन्य कुनै कारणले रोक्का राख्नु नपर्ने भए त्यस्तो सम्पत्ति वा धितो सुरक्षणको रोक्का फुकुवा गरिदिनु पर्नेछ।

(८) यस दफा बमोजिम जोखिममा रहेका बचतकर्ताको बचत रकम फिर्ता गर्ने प्रयोजनको लागि मापदण्ड र समयबद्ध फिर्ता कार्ययोजना बनाई बचतकर्ता

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

सदस्यको बचत रकम फिर्ता गर्नु पर्नेछ।"

(१६) दफा ११० को सट्टा देहायको दफा ११० राखिएको छः-

"११०. **संस्था वा सङ्घको सम्पत्तिबाट खर्च व्यहोरिनेः** समस्याग्रस्त संस्था वा सङ्घको सम्पत्ति व्यवस्थापन गर्ने सिलसिलामा लाग्ने सम्पूर्ण खर्च त्यस्तो संस्था वा सङ्घको सम्पत्तिबाट व्यहोरिनेछ।"

(१७) दफा ११२ पछि देहायको दफा ११२क. थपिएको छः-

"**११२क. दाबी पेस गर्नु पर्नेः** दफा ११२ बमोजिम सूचना प्रकाशन भए पछि समस्याग्रस्त सहकारी संस्थाका सदस्य, बचतकर्ता, साहू तथा लगानीकर्ता बैङ्क तथा वित्तीय संस्थाले आफ्नो पाउनु पर्ने रकमको दाबी पेस गर्नु पर्नेछ।"

(१८) दफा ११५ को उपदफा (१) को खण्ड (क) र (ख) मा रहेको "समितिको" भन्ने शब्द पछि "ऋणी" भन्ने शब्द थपिएको छ।

(१९) दफा १३१ पछि देहायको दफा १३१क.

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

थपिएको छः-

"१३१क. **<u>मिलापत्र हुन सक्नेः</u>** (१) प्रतिवादी उपर बचतकर्ताको बचत रकम भुक्तानी दिन नसकेको वा बचत रकम हिनामिना गरेको वा सहकारी ठगी गरेको भनी दफा १३० बमोजिम मुद्दा दायर भई अदालतमा विचाराधीन रहेको मुद्दा वा प्रचलित कानून बमोजिम मिलापत्र गर्न सकिने अन्य फौजदारी मुद्दामा सदस्यको बचत रकम वा हिनामिना भएको बचत रकम फिर्ता गरेकोले मिलापत्र गराई पाऊँ भनी निवेदन दिएमा मिलापत्र हुन सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानून बमोजिम मिलापत्र हुन नसक्ने सङ्गठित अपराध, सम्पत्ति शुद्धीकरण र अन्य फौजदारी कसूरसँग सम्बन्धित मुद्दामा मिलापत्र गर्न सकिने छैन।

(३) उपदफा (१) बमोजिमको मिलापत्र फैसला

कार्यान्वयनको चरणमा समेत गर्न सकिनेछ र त्यसरी मिलापत्र भएकोमा प्रतिवादीलाई लागेको दण्ड जरिबाना र बिगो तिर्नु बुझाउनु पर्ने छैन र कैदको समेत लगत कट्टा हुनेछ।

(४) उपदफा (१) बमोजिम मुद्दा मिलापत्र गर्दा प्रतिवादीको चल अचल सम्पत्ति रोक्का फुकुवा गर्नु पर्ने भए सो फुकुवा समेत गरी सम्बन्धित अदालतले मिलापत्र कार्यान्वयन गरिदिनु पर्नेछ।

(५) उपदफा (१) बमोजिम मिलापत्र गर्दा सरकारी वकीलको राय लिनु पर्नेछ।

(६) उपदफा (१) बमोजिम मिलापत्र गर्दा एकभन्दा बढी प्रतिवादी भएकोमा सम्बन्धित प्रतिवादीको बिगो यकिन भएकोमा आफ्नो हकको बिगो भुक्तान गरी मिलापत्र गर्न सकिनेछ।

(७) उपदफा (१) बमोजिम मिलापत्र गर्दा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ मा

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

उल्लिखित कार्यविधि अवलम्बन गर्नु पर्नेछ।"

(२०) दफा १३२ मा रहेका "नब्बे दिन" भन्ने शब्दहरूको सट्टा "एक वर्ष" भन्ने शब्दहरू राखिएका छन्।

(२१) दफा १३५ पछि देहायको दफा १३५क. थपिएको छः-

"**१३५क.** **<u>बचत रकम फिर्ता गर्न समिति गठन गर्न सकिनेः</u>** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सहकारी संस्थाले ऋण असुली हुन नसकेको लगायतका कारणबाट आफ्ना सदस्यलाई बचत रकम फिर्ता दिन नसकेको, सञ्चालक समितिले सदस्यको हित विपरीतको काम गरेको वा सञ्चालक समितिका अधिकांश सञ्चालक संस्थामा उपस्थित नभएको वा यस ऐन बमोजिम साधारण सभा नबसेको कारण सदस्यको बचत रकम फिर्ता हुन नसकेको भनी संस्थाका कम्तीमा पन्ध्र प्रतिशत सदस्यहरूले संस्थाको सम्पत्ति जिम्मा लिई सदस्यको बचत

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

रकम फिर्ता गर्ने प्रयोजनको लागि बचत रकम फिर्ता समिति गठन तथा संस्था सञ्चालन गर्न सम्बन्धित सहकारी हेर्ने निकायमा अनुमतिका लागि निवेदन दिन सक्नेछन्।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा सम्बन्धित सहकारी हेर्ने निकायले अभिलेख राखी त्यस्तो समिति गठन तथा संस्था सञ्चालन गर्न अनुमति दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम अनुमति प्राप्त भए पछि उपदफा (१) बमोजिम निवेदन दिने सदस्यहरूले बचत रकम फिर्ता समिति गठन गरी संस्था सञ्चालन गरेको जानकारी सम्बन्धित सहकारी हेर्ने निकायलाई तत्काल दिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम गठन भएको समितिले त्यस्तो समिति गठन भएको छ महिनाभित्र साधारण सभा गरिसक्नु पर्नेछ।

(५) उपदफा (३)

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

बमोजिमको समितिले यस ऐन बमोजिम समितिलाई भएको अधिकारको प्रयोग र कर्तव्यको पालना गर्नेछ।

(६) उपदफा (३) बमोजिमको समितिले सदस्यको बचत रकम फिर्ता दिँदा दफा १०८क. को अधीनमा रही बचत रकम फिर्ता गर्नु पर्नेछ।

(७) उपदफा (३) बमोजिम गठन भएको समितिले बचतकर्ता सदस्यलाई बचत रकम फिर्ता गर्ने प्रयोजनको लागि ऋणीबाट असुल गरेको रकम, संस्थाको चल अचल सम्पत्तिबाट प्राप्त आय रकम तथा बचतकर्तालाई फिर्ता गरेको बचत रकमको विवरण छुट्टै तयार गरी सुरक्षितरुपमा अभिलेख राख्नु पर्नेछ र त्यसको विवरण सम्बन्धित सहकारी हेर्ने निकायलाई प्रत्येक तीन महिनामा पेस गर्नु पर्नेछ।

(८) उपदफा (७) बमोजिम विवरण प्राप्त भएपछि उपदफा (३)

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

बमोजिम गठन भएको समितिलाई सम्बन्धित सहकारी हेर्ने निकायले आवश्यक निर्देशन दिन सक्नेछ।

(९) उपदफा (७) बमोजिम ऋणीबाट असुल गरेको रकम, संस्थाको चल अचल सम्पत्तिबाट प्राप्त आय तथा संस्थाको सम्पत्ति बिक्रीबाट प्राप्त रकमलाई बैङ्क तथा वित्तीय संस्था सम्बन्धी प्रचलित कानून बमोजिम इजाजत पत्र प्राप्त "क" वर्गको कुनै बैङ्कमा छुट्टै खाता खोली रकम जम्मा गरी सो खाताबाट बचतकर्ता सदस्यको बचत रकम भुक्तानी गर्नु पर्नेछ।

(१०) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (३) बमोजिमको समितिका सदस्यले यस दफा बमोजिम जिम्मेवारी लिनु अगावै यस ऐन विपरीत भएको काम कारबाहीको सम्बन्धमा जवाफदेही हुनु पर्ने छैन र सो सम्बन्धमा निजलाई कुनै कानूनी कारबाही हुने छैन।"

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

३. **<u>नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ मा संशोधनः</u>** नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ को दफा ८८ को उपदफा (१) को,-

(१) खण्ड (क) र (ख) मा रहेका "वाणिज्य बैङ्क तथा वित्तीय संस्था" भन्ने शब्दहरुको सट्टा "बैङ्क तथा वित्तीय संस्था वा सहकारी सम्बन्धी प्रचलित कानून बमोजिम दर्ता भएका सहकारी संस्था" भन्ने शब्दहरू राखिएका छन्।

(२) खण्ड (च) मा रहेका "वाणिज्य बैङ्क वा वित्तीय संस्था" भन्ने शब्दहरूको सट्टा "बैङ्क तथा वित्तीय संस्था वा सहकारी सम्बन्धी प्रचलित कानून बमोजिम दर्ता भएका सहकारी संस्था" भन्ने शब्दहरू राखिएका छन्।

४. **<u>निक्षेप तथा कर्जा सुरक्षण कोष ऐन, २०७३ मा संशोधनः</u>** निक्षेप तथा कर्जा सुरक्षण कोष ऐन, २०७३ को,-

(१) दफा २ को,-

(क) खण्ड (ख) मा रहेका "वा वित्तीय मध्यस्थताको कार्य गर्ने संस्था" भन्ने शब्दहरू पछि "वा सहकारी सम्बन्धी प्रचलित कानून बमोजिम दर्ता भएको सहकारी संस्था" भन्ने शब्दहरू थपिएका छन्।

(ख) खण्ड (छ) मा रहेका "वित्तीय संस्था" भन्ने शब्दहरू पछि "वा सहकारी

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

सम्बन्धी प्रचलित कानून बमोजिम दर्ता भएका सहकारी संस्था" भन्ने शब्दहरू थपिएका छन्।

(ग) खण्ड (ज) मा रहेका "वित्तीय संस्था" भन्ने शब्दहरू पछि "वा सहकारी सम्बन्धी प्रचलित कानून बमोजिम दर्ता भएका सहकारी संस्था" भन्ने शब्दहरू राखिएका छन्।

(घ) खण्ड (ण) मा रहेका "वा वित्तीय मध्यस्थताको कार्य गर्ने संस्था" भन्ने शब्दहरू पछि "सहकारी सम्बन्धी प्रचलित कानून बमोजिम दर्ता भएका सहकारी संस्था" भन्ने शब्दहरू थपिएका छन्।

(ङ) खण्ड (ध) मा रहेका "वित्तीय संस्था" भन्ने शब्दहरू पछि "वा सहकारी सम्बन्धी प्रचलित कानून बमोजिम दर्ता भएका सहकारी संस्था" भन्ने शब्दहरू राखिएका छन्।

(२) दफा १४ मा रहेका "वित्तीय संस्था" भन्ने शब्दहरू पछि "वा सहकारी सम्बन्धी प्रचलित कानून बमोजिम दर्ता भएका सहकारी संस्था" भन्ने शब्दहरू थपिएका छन्।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(३) दफा १५ को उपदफा (१) र (४) मा रहेका "वित्तीय संस्था" भन्ने शब्दहरू पछि "वा सहकारी सम्बन्धी प्रचलित कानून बमोजिम दर्ता भएका सहकारी संस्था" भन्ने शब्दहरू थपिएका छन्।

५. **<u>खारेजी र बचाउः</u>** (१) सहकारी सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१ खारेज गरिएको छ।

(२) सहकारी सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१ बमोजिम भए गरेका काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

(३) राष्ट्रिय सहकारी विकास बोर्ड ऐन, २०४९ खारेज गरिएको छ।

(४) राष्ट्रिय सहकारी विकास बोर्ड ऐन, २०४९ बमोजिम भए गरेका काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

(५) उपदफा (४) बमोजिमको ऐन बमोजिम गठन भएको राष्ट्रिय सहकारी विकास बोर्डको चल अचल सम्पत्ति लगायतको जायजेथा, दायित्व र सो बोर्डमा कार्यरत कर्मचारी प्राधिकरणमा स्वतः सर्नेछ।

(६) यो दफा प्रारम्भ हुँदाका बखत बहाल रहेका राष्ट्रिय सहकारी विकास बोर्डका सदस्य यो दफा प्रारम्भ भए पछि आफ्नो पदबाट स्वतः पदमुक्त हुनेछन्।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(७) उपदफा (५) बमोजिमका कर्मचारीलाई प्राधिकरणको समान तह र पदमा तोकिए बमोजिम समायोजन गर्न तथा तोकिएको सुविधा प्रदान गरी स्वेच्छिक अवकास दिन सकिनेछ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय